# पान बुलेटिन

**नेपाल जनप्रशासन संघको सूचनामूलक प्रकाशन**

बर्ष २० | बैशाख २०७९ (अप्रिल २०२२) | अंक २६


## अध्यक्षको सन्देश



प्रशासन र व्यवस्थापनका क्षेत्रमा कार्यरत प्राज्ञिक, प्रशासक र व्यवस्थापक बीचको पारस्परिक पेशागत सम्बन्धलाई मर्यादित र सुदृढ गर्दै सार्वजनिक क्षेत्रको नीति निर्माण, पुनरावलोकन र मूल्याकंनमा व्यवसायिक पृष्ठपोषण गर्ने उद्देश्यले २०४७ सालमा यस संघको स्थापना भएको हो ।

गैरनाफामुखी पेशागत संघको रूपमा स्थापित यस संघले विगतमा जनप्रशासनका विभिन्न विधाहरूमा छलफल, गोष्ठी, प्रशिक्षण तथा राष्ट्रिय सम्मान जस्ता कार्यक्रमहरू आयोजना गर्ने गरेको र त्यस्ता कार्यक्रमवाट प्राप्त सुझावहरू नेपाल सरकार एवं सम्वन्धित निकायहरूमा पठाई सहयोग पुऱ्याउँदै आएको छ ।

हाल नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रिक राष्ट्रको रूपमा घोषणा भएको छ । जसअनुसार तीन तहको सरकारको संरचनाको अभ्यास भैरहेको छ । यी तीनै तहका सरकारहरूले जनअपेक्षा अनुरूपको जनमुखीसेवा प्रवाहलाई प्राथमिकतामा राखेका छन् । तथापि, तीन तहको सरकार र मातहतका संरचनाहरूमा अपेक्षानुसारको व्यवसायिक कौशलता पाउन सकिएको छैन । यसर्थ, यस संघ तीनै तहका सरकारलाई यस्मा सघाउन प्रतिबद्ध छ ।

मुलुकमा सुशासनको चर्चा बढीरहेका बखत भ्रष्टाचारले पनि फणा उठाउनु स्वयंमा दुर्भाग्यपूर्ण छ । यसर्थ, मुलुकमा सदाचार, ईमान्दारिता, जवाफदेहिता र पारदर्शिताको अभिवृद्धिका लागि संघले आफ्नो बहस पैरवी एवं बकालतलाई अझै बढाउनु परेको छ ।

कोभिड-१९ को महामारीले सार्वजनिक प्रशासन र सेवा प्रवाहमा समेत प्रत्यक्ष/अप्रत्यक्ष असर र प्रभाव पारेको छ। यसरी Covid-19 को चुनौती सामना गर्न सार्वजनिक सेवालाई कम्प्यूटरीकृत/ digitalization तर्फ रूपान्तरित गरी Online सेवा प्रवाहको लागि अवसरको रूपमा लिनु पर्ने संघको मान्यता रहेको छ ।

यसरी बदलिंदो सेवा प्रवाह प्रक्रियालाई प्रभावकारी बनाउन विद्यमान जनशक्तिलाई थप दक्षता अभिवृद्धिको आवश्यकता महसुस भएको पाइन्छ। यसर्थ, सार्वजनिक प्रशासनमा सम्बद्ध सबैले digitalization age लाई आत्मसात् गर्दै सेवा प्रवाह प्रक्रिया सरल/सहज, छिटो छरितो, पारदर्शी, जनमुखी जवाफदेही, प्रतिस्पर्धी जनशक्तिको विकास अपरिहार्य हुने हुँदा सम्बन्धित सवै पक्षको ध्यानाकर्षण हुन जरूरी छ । यस तर्फ यस नेपाल जनप्रशासन संघले समेत आफ्नो तर्फबाट पहल कदमी गर्ने नै छ । सबैमा सुशासन प्राप्तिका लागि सफलताको शुभकामना ।

**– कृष्णहरि वास्कोटा**
अध्यक्ष, नेपाल जनप्रशासन संघ

## वार्षिक साधारण सभा सम्पन्न

२०७८ पौष २४ गते नेपाल जनप्रशासन संघको बाईसौं वार्षिक साधारणसभा तथा साह्रौं राष्ट्रिय सम्मेलन लोकसेवा आयोगका अध्यक्ष माननीय श्री माधव प्रसाद रेग्मीज्यूको प्रमुख अतिथ्यतामा सम्पन्न भयो । उक्त समारोहमा लोक सेवा आयोगका निवर्तमान अध्यक्ष श्री उमेश प्रसाद मैनाली लगायतको उपस्थिति रहेको थियो ।



सो समारोहमा प्रमुख अतिथिज्यूले नेपालको सार्वजनिक प्रशासन र व्यवस्थापनको क्षेत्रमा नेपाल जनप्रशासन संघले खेलेको भूमिका प्रशंसनीय रहेको कुरा बताउनु भयो । साथै, उहाँले जनप्रशासनलाई प्रतिस्पर्धी, दक्ष, समयानुकल, जनमुखी, जनअपेक्षित जवाफदेही बनाउन संघलाई आफ्नो भूमिका निर्वाह गर्न सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रमका अध्यक्ष एवं संघका अध्यक्ष कृष्णहरि बास्कोटाले नेपाल जनप्रशासन संघ शासकीय प्रणालीको सुधारमा निरन्तर पहरेदार रहेको कुरा व्यक्त गर्नु भयो ।



संघको राष्ट्रिय सम्मेलनमा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. पोषराज पाण्डेले Nepals' Graduation from LDC Category: Making Smooth Transition and Sustainable विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यपत्र माथि संघका निवर्तमान अध्यक्ष डा. हिरामणि घिमिरेले टिप्पणी गर्नु भएको थियो । राष्ट्रिय सम्मेलनको अध्यक्षता संघका अध्यक्ष श्री कृष्णहरि बास्कोटाले गर्नु भएको थियो ।


**प्रकाशक:**

**नेपाल जन-प्रशासन संघ**

**Public Administration Association of Nepal (PAAN)**

हरिहर भवन, ललितपुर, नेपाल

## संघको निर्वाचन

दोस्रो चरणमा, नेपाल जनप्रशासन संघको २२ औ वार्षिक साधारण सभाले संघको एघारौं कार्यकारिणी समितिको निर्वाचनको लागि नेपाल सरकारका पूर्व सचिव श्री पूर्णचन्द्र भट्टराईको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको थियो ।




सोही दिन संघको निर्वाचन प्रक्रिया सञ्चालन भएको र उक्त निर्वाचन प्रक्रियामा निर्वाचन समितिले निर्धारण गरेको निर्वाचन कार्यतालिका र प्रक्रिया अनुसार नेपाल जनप्रशासन संघको एघारौं कार्यसमितिको निर्वाचन सम्पन्न भई देहायको कार्यसमिति निर्वाचित भएको छ ।

| | |
|---|---|
| श्री कृष्णहरि बास्कोटा | - अध्यक्ष |
| प्रा. यशोदा कुमारी काफ्ले | - उपाध्यक्ष |
| श्री मुकुन्द प्रसाद निरौला | - महासचिव |
| श्री सुवास शर्मा | - सचिव |
| श्री दिलिपराज पौडेल | - कोषाध्यक्ष |
| डा. हिरामणि घिमिरे | - सदस्य (निवर्तमान अध्यक्ष) |
| प्रा. चुडाराज उप्रेती | - सदस्य (संस्थागत) |
| श्री विष्णुराज पौडेल | - सदस्य |
| श्री भिमध्वज श्रेष्ठ | - सदस्य |
| श्री ईश्वरी प्रसाद घिमिरे | - सदस्य |
| प्रा.डा. सावित्री अर्याल | - सदस्य |
| श्री चुडामणि देवकोटा | - सदस्य |
| श्री शरद विक्रम राणा | - सदस्य |
| श्री शान्तिलक्ष्मी शाक्य | - सदस्य |
| डा. श्री गोविन्द तामाङ | - सदस्य |

## शपथ ग्रहण, प्रमाणपत्र वितरण र पदबहाली

नेपाल जनप्रशासन संघको मिति २०७८ पौष २४ मा सम्पन्न २२ औं साधारण सभाबाट २ वर्षको लागि निर्वाचित ११ औं कार्यकारीणी समितिको २०७८ माघ ६ गते निर्वाचन समितिका संयोजकज्यूबाट निर्वाचित पदाधिकारीलाई विजयी प्रमाणपत्र वितरण गर्नुभयो । सोही समारोहमा प्रमुख निर्वाचन आयुक्तले संघका अध्यक्षलाई र अध्यक्षले अन्य निर्वाचितलाई शपथ ग्रहण गराउनु भयो ।



साथै १० औं कार्यसमितिको तर्फबाट निवर्तमान महासचिव श्री रामशरण चिमोरियाबाट ११ औं कार्यसमितिलाई कार्यभार हस्तान्तरण गर्नुभयो । सोही समयमा सबै पदाधिकारी र सदस्यहरूवाट पदवहाली समेत भयो ।

## निजामती सेवाको राष्ट्रिय नीति निर्माण

निजामती सेवाको राष्ट्रिय नीति निर्माण गर्ने सम्बन्धमा मिति २०७८/१०/८ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संघ बीच संझौता भयो । संझौतामा मन्त्रालयको प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमका अधिकृत र नेपाल जनप्रशासन संघका तर्फबाट कोषाध्यक्ष दिलिपराज पौडेलले सम्झौतामा हस्ताक्षर गर्नुभयो । तत् पश्चात् उक्त कार्यको जिम्मेवारी पूर्व सचिव श्री शारदा प्रसाद त्रिताल र पूर्व सहसचिव श्री महेन्द्र बहादुर थापालाई तोकिई सो लेखनको कार्य भईरहेको छ ।

प्रस्तुत प्रतिवेदन तयारीको क्रममा Zoom वैठकमा मन्त्रालयका सचिव श्री सुरेश अधिकारी लगायत अन्य सहसचिव, उपसचिव, शाखा अधिकृत एवम अन्य प्रशासनविद्को उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न भएको छ । यस्तो कार्यक्रम पटक पटक भएको छ । यस्तो छलफलमा पूर्व सचिव श्री चन्द्र घिमिरे र डा. मीन बहादुर क्षेत्रीले पनि प्रस्तुती गर्नु भएको छ । हाल यसको प्रथम मस्यौदा तयार भएको छ ।

## संघका बैठक र निर्णयहरू

२०७८ पौष २४ मा निर्वाचित ११ औं कार्यसमितिले २०७८ चैत्र मसान्तसम्म ५ वटा कार्यसमितिको बैठक सम्पन्न गरेको र बैठकमा भएका केही निर्णयको संक्षिप्त जानकारी निम्नानुसार रहेको छ :

### १. पहिलो बैठक २०७८ माघ ६ गते

- मिति २०७८/०९/२४ गते शनिवारका दिन सम्पन्न साधारण सभामा श्री कृष्णहरि बास्कोटाज्यूको अध्यक्षतामा नयाँ कार्यसमितिको चयन सम्पन्न भयो । उक्त निर्वाचन कार्यक्रम सम्पन्न गर्नको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकोमा निवर्तमान कार्यसमिति, निर्वाचन मण्डल एवं सबै साधारण सदस्यहरूमा हार्दिक धन्यवाद व्यक्त गरियो । निर्वाचन मण्डलका संयोजक श्री पूर्णचन्द्र भट्टराईज्यूबाट संघका नव निर्वाचित अध्यक्ष श्री कृष्णहरि बास्कोटाज्यू लगायत सबै पदाधिकारी र सदस्यहरूलाई नयाँ कार्यसमितिमा निर्बाचित भएको प्रमाणपत्र वितरण गर्नुभयो । साथै उहाँले अध्यक्षज्यूलाई र अध्यक्षज्यूले कार्यसमितिका पदाधिकारी तथा सदस्यलाई पद तथा गोपनियताको शपथ ग्रहण कार्य सम्पन्न भयो ।
- निवर्तमान कार्यसमितिको जिम्मामा रहेको कार्यभार तथा जिम्मेवारी नव निर्वाचित कार्यसमितिलाई हस्तान्तरण गरियो ।

- नेपालको निजामती सेवा सम्बन्धी राष्ट्रिय नीति तयार गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको पिएलजीएसपीको कार्यालयमा सम्झौता गर्न संघका कोषाध्यक्ष श्री दिलिपराज पौडेललाई जिम्मेवारी दिने निर्णय गरियो । साथै उक्त सम्झौता पश्चात उक्त प्रतिवेदन तयारीको लागि पूर्व सचिव श्री शारदा प्रसाद त्रिताल र सह सचिव श्री महेन्द्र थापालाई जिम्मेवारी दिने र सो को सम्झौताको लागि समेत कोषाध्यक्ष श्री दिलिपराज पौडेललाई जिम्मेवारी दिने निर्णय गरियो ।

## २. दोस्रो वैठक २०७८ माघ १९ गते (Zoom)

- सबै पदाधिकारी र कार्यकारी सदस्यहरूवाट प्राप्त विवरण संकलन गरी संघको नयां ब्रोसियर तत्कालै मुद्रण गर्ने निर्णय गरियो ।
- आवश्यकता हेरी संघको कार्यालयमा आवश्यक लजिष्टिक खरिद गर्ने ।

## ३. तेस्रो वैठक २०७८/११/१४

- नव निर्वाचित कार्यसमितिका सबै पदाधिकारी तथा सदस्यहरूले देहाय अनुसारको कार्यमा विशेष जिम्मेवारी तथा मुख्य भुमिका निर्वाह गर्ने र अन्य सबैले एक आपसमा सहयोग समन्वय गरी सघंको क्रियाशीलतालाई थप चलायमान र प्रभावकारी बनाउने । विशेष कार्य जिम्मेवारी बाँडफाँड गरियो ।
- जनप्रशासन सम्बन्धी विभिन्न अर्न्तराष्ट्रिय संघ संस्थाहरू EROPA-Eastern Regional Organization for Public Administration, IPPA-International Public Policy Association, AAPA-Asian Association for Public Administration जस्ता संघ संस्थाहरूसंग आवद्धता गर्ने सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने ।
- PAAN को प्रदेश स्तरीय च्याप्टर स्थापना गर्ने सम्बन्धमा आवश्यक अध्ययन र सम्भाव्यताका आधारमा आवश्यक पहल सम्पर्क र समन्वय गर्ने ।

## ४. चौथो वैठक २०७८/१२/१६ (Zoom)

- २०७९ बैशाख ११ गते हेमबहादुर मल्ल सम्मान पुरस्कार वितरण गर्ने दिन तय भएको हुँदा आवश्यकता अनुसार समन्वय गरी सबैको सहयोग लिने र सबैले सहयोग गरी कार्य सम्मन्न गर्ने ।
- बैठकको निर्णय कार्यन्वयन सम्बन्धमा हाल सम्को प्रगती समिक्षा गर्दै बाँकी कार्य सम्पादनको लागि सम्बन्धित सबैको ध्यान आकृष्ट भयो ।
- नेपाल जनप्रशासन संघको जमलस्थित कार्यालयमा प्रयोग हुँदै आएको ०१४२५५०९६ टेलिफोन नं. हाल संघको कार्यालय रहेको स्थान हरिहर भवनस्थित कार्यालयमा ठाँउसारी गर्दा नम्बर परिवर्तन भई ०१-५४२४४७० कायम भई जडान भएको ।
- संघका सदस्यहरूको डाइरेक्टी प्रकाशन गर्ने, सदस्यता कार्ड वितरण गर्ने र संघको हालसम्मको कार्यसमितिको विवरण संकलन र प्रकाशन गर्ने सम्बन्धमा एक जना इर्न्टन राखी विवरण संकलन गर्ने कार्य शुरू गर्ने ।

## ५. पाँचौ वैठक २०७९/०१/०१

- नव वर्ष २०७९ को उपलक्ष्यमा शुभकामना आदान प्रदान गरियो ।
- हेम बहादुर मल्ल पुरस्कार यही २०७९ बैशाख ११ मा वितरण गर्ने तयारीका सम्बन्धमा छलफल गरियो ।

## PAAN Talk कार्यक्रम

PAAN (नेपाल जनप्रशासन संघ) ले प्रत्येक १५/१५ दिनको अन्तरालमा समसामायिक विषयवस्तु, जनप्रशासन, सार्वजनिक सेवा, प्रभावकारी सेवा प्रवाह, पारदर्शिता, सुशासन, सार्वजनिक प्रशासन र व्यवस्थापन सम्बन्धी छलफल कार्यक्रम आयोजना गर्ने गरेको छ । नव निर्वाचित ११ औं कार्यसमितिले २०७८ चैत्र सम्ममा देहायको ६ वटा कार्यक्रम सञ्चालन गरेको छ :

१. २०७८ माघ १२ मा "कोभिड संक्रमणको तेस्रो लहर - अवस्था प्रक्षेपण र चुनौती" विषयक शीर्षकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा वरिष्ठ चिकित्सक डा. कृष्ण पौडेलबाट प्रस्तुतीकरण र छलफल भयो ।

२. २०७८ माघ २६ गते राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. राम कुमार फुयालज्यूबाट "कोरोना कहरले थालिएको मुलुकको वर्तमान अर्थतन्त्रको वास्तविक तस्विर" विषय शीर्षकमा कार्यपत्र प्रस्तुत भई छलफल भएको भयो ।

३. २०७८ फागुन ११ गते "सार्वजनिक संगठनमा ज्ञान व्यवस्थापनको आवश्यकता" विषयमा त्रिभुवन विश्वविद्यालय, केन्द्रिय व्यवस्थापन विभागका प्राध्यापक डा. महानन्द चालिसेज्यूबाट प्रस्तुतीकरण भई छलफल भयो ।

४. २०७८ फागुन २५ गते नेपाल सरकारका पूर्व सचिव एवं नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका उपकार्यकारी निर्देशक श्री विष्णु प्रसाद लम्सालज्यूबाट "संघीयतामा तीन तहका सरकारबीचको सहभागिता, सहअस्तित्व र समन्वय" विषयमा कार्यपत्र प्रस्तुत भई छलफल भयो ।

५. २०७८ चैत्र ९ गते "मुलुकको वर्तमान आर्थिक अवस्थाको विवेचना", विषयमा नेपाल राष्ट्र बैंकका प्रवक्ता डा. गुणकर भट्टज्यूबाट प्रस्तुतीकरण भई छलफल भयो ।

६. २०७८ चैत्र २३ गते निर्वाचन आयोगका सूचना अधिकारी श्री सूर्य प्रसाद अर्यालज्यूले आगामी २०७९ बैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनको पूर्व सन्ध्यामा "स्थानीय तह निर्वाचन आचार संहिता २०७८" विषयमा प्रस्तुतीकरण भई छलफल भयो ।

## हार्दिक बधाई तथा शुभकामना



यस नेपाल जनप्रशासन संघका आजीवन सदस्य एवम् ११ औं कार्यसमितिका महासचिव श्री मुकुन्द प्रसाद निरौला नेपाल सरकारको विशिष्ट श्रेणीको सचिव पदमा बढुवा भई वागमती प्रदेशको प्रमुख सचिवको रूपमा पदस्थापन हुनु भएकाले उहाँको कार्यसफलताको कामना गर्दै नेपाल जनप्रशासन संघको तर्फबाट हार्दिक बधाई तथा शुभ-कामना व्यक्त गर्दछौं ।



## हेम बहादुर मल्ल सम्मान पुरस्कार

आ-आफ्नो कार्य क्षेत्रबाट राष्ट्रको विकासमा महत्वपूर्ण योगदान दिने व्यक्तिहरूलाई साल्ट ट्रेडिङ्ग कर्पोरेशनको सौजन्यमा नेपाल जनप्रशासन संघबाट बर्षेनी दिइने रू. २ लाख नगद र सम्मान पत्र दिन योग्य व्यक्तिको पारदर्शी एवं निष्पक्ष ढंगले छनोट गर्न पूर्वमन्त्री श्री माधव प्रसाद पौडेलको संयोजकत्वमा गठित ५ सदस्य छनोट समितिले २०७६ सालका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायको नाम सिफारिश गरे अनुसार २०७९ बैशाख ११ गते सम्माननीय राष्ट्रपतिज्यूबाट सम्मान र पुरस्कार प्रदान गर्ने कार्यक्रम रहेको छ । यस सिफारिश समितिमा PAAN का अध्यक्ष श्री कृष्णहरि बास्कोटा, साल्ट ट्रेडिङ्ग कर्पोरेशनका तत्कालिन अध्यक्ष लक्ष्मीदास मानन्धर र पूर्व सचिवहरू पुण्य न्यौपाने र जीवन प्रभा लामा रहनुभएको थियो ।

## पान स्वर्णपदक

नेपाल जनप्रशासन संघले जनप्रशासन विषयमा स्नातकोत्तर तहको परीक्षणमा सर्वोत्कृष्ट अंक प्राप्त गरी प्रथम स्थान हासिल गर्ने विद्यार्थीलाई पान स्वर्णपदक प्रदान गर्ने गरिएकोमा शैक्षिक वर्ष सन् २०१७-१९ मा त्रिभुवन विश्वविद्यालयका हिरा श्रेष्ठ र पूर्वाञ्चल विश्वविद्यालयका मुकेश अधिकारीलाई पान स्वर्णपदक (PAAN Gold Medal) प्रदान गरिएको छ ।

## हार्दिक बधाई तथा शुभकामना



साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडमा नवनियुक्त अध्यक्ष श्री कल्याण गोविन्द श्रेष्ठज्यूलाई नेपाल जनप्रशासन संघ हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछ ।

## नव वर्ष २०७९ को शुभकामना




नव वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण नेपालीको सुस्वास्थ्य, सुख, शान्ती, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको लागि नेपाल जनप्रशासन संघ हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

**कृष्णहरि बास्कोटा**
अध्यक्ष
नेपाल जनप्रशासन संघ

## हार्दिक श्रद्धाञ्जली



साल्ट ट्रेडिङ्गका अध्यक्ष श्री लक्ष्मीदास मानन्धरको असमायिक स्वर्गारोहण भएकोमा नेपाल जनप्रशासन संघ परिवार गहिरो दु:ख व्यक्त गर्दै स्वर्गीय मानन्धरको आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनलाई हार्दिक समवेदना व्यक्त गर्दछ ।





